# आकाशवाणी समाचार- नेपाली

मितिः १६ अगष्ट २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- देशभरिका व्यवसाय जगत प्रमुखहरु अनि व्यापारिहरुले प्रधानमंत्रीको स्वतंत्रता दिवस सम्बोधनमा घाोषित जी.एस.टी. सुधारहरुको स्वागत गरेका छन् ।

- दक्षिण कोरियाका विदेश मंत्री **चो ह्यून** आज राती आफ्नो पहिलो दुई दिवसीय भारत यात्रामा नयाँ दिल्ली आईपुग्नु हुनेछ ।

- श्रीकृष्ण जन्माष्टमी आज देश भरिमै श्रद्धा अनि उल्लास सित मनाइन्दै छ ।
- पूर्व प्रधानमन्त्री अटल बिहारी बाजपेयीको सातौँ पुण्यतिथिमा आज देशले उहालाई स्मरण गरिरहेको छ ।

- रूसका राष्ट्रपति व्लादिमीर पुतिन अनि अमरीकाका राष्ट्रपति डॉनल्ड ट्रम्प बीच अलास्कामा महत्वपूर्ण बैठक भएको छ ।

- मौसम विभागले आज कोंकण , गोवा ,असम, मेघालय, उत्तराखण्ड, मध्य महाराष्ट्र, तेलंगाना, पश्चिम मध्य प्रदेश र गुजरातको बिभिन्न क्षेत्रहरुमा भारी वर्षा हुने पूर्वानुमान गरेको छ।

**व्यापार जगत -प्रधानमंत्री जी.एस.टी. सुधार**

देशभरिका व्यवसाय जगत प्रमुखहरु अनि व्यापारिहरुले प्रधानमंत्रीको स्वतंत्रता दिवस सम्बोधनमा घाोषित जी.एस.टी. सुधारहरुको स्वागत गरेका छन् । प्रधानमन्त्रीले यस कर प्रणालीलाई सरल बनाउने अनि व्यापारलाई बढावा दिनको निम्ति आवश्यक कदम बताउनु भएको छ । सदर बाज़ार व्यापारी परिसंघका उपाध्यक्ष परमजीत सिंह पम्माले भन्नुभयो – यी सुधारहरुले ती व्यापारिहरुलाई ठुलो राहत पुग्नेछ जसले अहिले पांच प्रतिशत देखि 28 प्रतिशत सम्म कर दरहरुको सामना गरिरहेका छन् । प्रधानमंत्री नरेन्द्र मोदीले हिज लालकिल्ला बाट स्वंत्रता दिवस सम्बोधनमा वस्तु अनि सेवा कर प्रणालीमा परिवर्तन गरिने संकेत दिनुभएको छ । यसलाई समयको आवश्यकता बताउदै प्रधानमंत्रीले आम कर दाताहरु माथिको कर भार कम्ति गर्नको लागि जी.एस.टी. लाई तर्क संगत बनाउने बिषय माथि जोर दिनुभयो । स्वदेशी सामानहरुको अधिक भन्दा अधिक खरीद गर्ने प्रधानमंत्रीको अपील बारे श्री पम्माले भन्नुभयो कि जी.एस.टी. दरहरुमा कटौतीले घरेलू व्यापार दहिलो हुनेछ अनि स्थानीय उत्पादहरुलाई बढ़ावा पुग्नेछ । देशमा वस्तु अनि सेवा कर लागू भएको आठ वर्ष भैरहेको छ । वर्ष 2017 मा यो ऐतिहासिक सुधार लागू भए प्रत्यक्ष कर प्रणाली एकीकृत भएको छ अनि व्यापारमा सुगमता बढेको छ । जी.एस.टी. दरहरुमा सुधार अनि बदलाव भएको खण्डमा विशेष रूपले लघु अनि मध्यम उद्योगहरुलाई लाभ पुग्नेछ ।

**प्रधानमंत्री-खेल नीति**

प्रधानमंत्री नरेन्द्र मोदीले भन्नुभयो कि केन्द्र सरकारले देशमा खेलहरुलाई बढ़ावा दिनको लागि खेलो इंडिया नीति लागू गरिएको छ । हिज लालकिल्लाको प्राचीरबाट स्वतंत्रता दिवस सम्बोधनमा प्रधानमंत्री नरेन्द्र मोदीले भन्नुभयो कि यो नीति लागु गर्नको मुख्य उदेश्य देशमा खेलहरुको समग्र विकासको लागि प्रभावी बनियोस । वहाँले भन्नुभयो कि खेलो इंडिया नीतिद्वारा विभिन्न स्तरहरु अनि श्रेणिहरुमा युवा खेल, विश्वविद्यालय खेल, शीतकालीन खेल तथा पैरा गेम्स सहित अनेक प्रतिस्पर्धाहरु आयोजित गरिरहेका छन् । वहाँले बर्तमान पीढ़ीका नानीहरुलाई खेलमा भाग लिनका लागि प्रोत्साहित गर्न माता-पिताहरुको रूचिप्रति प्रसन्नता व्यक्त गर्नु भयो । नानीहरुले खेलमा रूचि देखाउनु देशको भविष्यको लागि शुभ संकेत रहेको प्रधानमंत्रीले भन्नुभयो।

**दक्षिण कोरिया - भारत यात्रा**

दक्षिण कोरियाका विदेश मंत्री **चो ह्यून** आज राती आफ्नो पहिलो दुई  दिवसीय भारत यात्रामा नयाँ दिल्ली आईपुग्नु हुनेछ। यस अवधि उहाँ विदेश मंत्री एस जयशंकर सित द्विपक्षीय चर्चा बाहेक , बिभिन्न महत्वपूर्ण कार्यक्रमहरुमा सामेल हुनुहुनेछ। यस यात्राको अवधि दुवै देशले आदान-प्रदान अनि सहयोग बढ़ाउने तरीकाहरु माथि चर्चा गर्नेछन्। यस  यात्रामा भारत अनि दक्षिण कोरिया बीच सेमीकंडक्टर, ग्रीन हाइड्रोजन, व्यापार अनि समुद्री सुरक्षा जस्ता क्षेत्रहरुमा रणनीतिक सहयोगलाई बलियो बनाउने बिषय माथि ध्यान केंद्रित गरिने आशा छ। **श्री चो ह्यून को यो** यात्रा एशिया, विशेष रूपले हिंद-प्रशांत क्षेत्रमा आफ्नो जुड़ावलाई बढ़ाउने भारतको प्रयासहरुको हिस्सा हो। उहाँ यसभन्दा पुर्ब बर्ष 2015 देखि 2017 सम्म  **भारतको राजदूत हुनुहुन्थियो अनि** बहुपक्षीय कूटनीतिमा उहाको विशेषज्ञता रहेको छ। श्री ह्यूनले हालैमा डॉ. जयशंकरसित बात गरेर दुवै देशहरु बीच द्विपक्षीय सम्बन्धहरुलाई बलियो बनाउने बिषय माथि चर्चा गर्नुभएको थियो। यस भन्दा पुर्ब **28 जुलाई मा ,** सोशल मीडियामा एक पोस्टमा डॉ. जयशंकरले दक्षिण कोरियाई समकक्षलाई उहाको सफल कार्यकालको लागि शुभकामना दिनुभएको थियो।

**जन्माष्टमी**

श्रीकृष्ण जन्माष्टमी आज देश भरिमै श्रद्धा अनि उल्लास सित मनाइन्दै छ। धेरै संख्यामा श्रद्धालुहरु भगवान श्रीकृष्णको पूजा-अर्चना गर्न मंदिरहरु पुगिरहेका छन्। उत्तर प्रदेशको मथुरा अनि वृंदावनमा श्रीकृष्ण जन्मोत्सवको  विशेष तैयारी गरिएको छ। भगवान श्रीकृष्णको जन्मस्थल मथुरामा  श्रीकृष्ण जन्मभूमि मंदिर तथा वृंदावनमा श्री बांके बिहारी मंदिर, प्रेम मंदिर अनि इस्कॉन मंदिर सहित सबै मंदिर आकर्षक ढंगमा सजाईएको छ। राष्ट्रपति द्रौपदी मुर्मुले श्रीकृष्ण जन्माष्टमीको शुभकामना दिनुभएको छ। श्रीकृष्ण जन्माष्टमीको पूर्व संध्यामा राष्ट्रपतिले आफ्नो संदेशमा यसलाई  आनंद अनि उत्साहको त्यौहार बताउनुभएको छ। उहाले भन्नुभयो - भगवान श्रीकृष्णको जीवन अनि संदेशले आत्म-विकास अनि आत्म-साक्षात्कारको  प्रेरणा दिंदछ। उहाले भन्नुभयो कि भगवान श्रीकृष्णले मानवतालाई धर्म मार्गको अनुसरण गरेर परम सत्य प्राप्तिको ज्ञान दिनुभयो। उहाले भगवान श्रीकृष्णको शिक्षाहरुको अनुसरण गर्ने तथा समाज अनि राष्ट्रलाई बलियो  बनाउन संकल्प लिने लेने आग्रह गर्नुभएको छ।

**वाजपेयी-पुण्यतिथि**

पूर्व प्रधानमन्त्री अटल बिहारी बाजपेयीको सातौँ पुण्यतिथिमा आज देशले उहालाई स्मरण गरिरहेको छ। बर्ष 2018 मा आजकै दिन उहाको निधन भएको थियो। अटल बिहारी बाजपेयी तीन पल्ट प्रधानमंत्री रहनुभयो। उहाको पहिलो कार्यकाल बर्ष 1996 मा १३ दिनका लागि मात्र थियो। उहाले बर्ष 1998 देखि 99 सम्म एघार महिना अनि 1999 देखि 2004  सम्म पूर्ण कार्यकालका लागि आफ्नो दोस्रो कार्यकाल पूरा गर्नुभएको थियो। उहालाई बर्ष 2015 मा  भारतको सर्वोच्च नागरिक सम्मान 'भारत रत्न' द्वारा सम्मानित गरिएको थियो।

**राष्ट्रपति - नागालैंड राज्यपाल**

राष्ट्रपति द्रौपदी मुर्मुले नागालैंडका राज्यपाल **ला गणेशन को** निधनमा  शोक व्यक्त गर्नुभएको छ अनि उहाको लामो अनि समर्पित जनसेवाको स्मरण गर्नुभयो। तमिलनाडु भाजपाका पूर्व-अध्यक्ष श्री गणेशनको हिज साझ  लगभग 6 बजेर 30 मिनेट जाँदा चेन्नई, तमिलनाडुको **अपोलो अस्पतालमा**  निधन भएको हो। प्रधानमंत्री नरेंद्र मोदीले पनि उहाको निधनमा शोक व्यक्त गर्नुभएको छ अनि उहालाई सेवा अनि राष्ट्र निर्माणको दिशामा एक समर्पित राष्ट्रवादी बताउनु भयो। तमिलनाडु भाजपाका मुख्य प्रवक्ता **नारायणन तिरुपतिले पनि श्री गणेशनको** निधनमा शोक व्यक्त गर्दै पार्टी तथा तमिल संस्कृतिमा उहाको योगदानको उल्लेख गरे।

**ट्रम्प-पुतिन बैठक**

रूसका राष्ट्रपति व्लादिमीर पुतिन अनि अमरीकाका राष्ट्रपति डॉनल्ड ट्रम्प बीच अलास्कामा महत्वपूर्ण बैठक भएको छ। बैठक लगभग तीन घण्टा सम्म चल्यो। राष्ट्रपति पुतिन सित रूसका विदेश मंत्री सर्गेई लावरोफ अनि  विदेश नीति सलाहकार

यूरी उशाकोफ तथा राष्ट्रपति ट्रम्प सित अमरीकाका विदेश मंत्री मार्को रूबियो अनि विशेष दूत स्टीव विटकॉफ पनि बैठकमा सामेल भए। बैठक पछि संयुक्त संवाददाता सम्मेलनलाई सम्बोधित गर्नुहुदै राष्ट्रपति व्लादिमीर पुतिनले बैठकमा मुख्य रूपले यूक्रेन संघर्ष बारे बातचीत भएको बताउनुभयो। उहाले भन्नुभयो - स्थायी समाधानको लागि संघर्षको प्राथमिक कारणहरुको समाधान गर्नु आवश्यक छ। श्री पुतिनले भन्नुभयो कि उहाँ निश्चित रूपले संघर्ष समाप्त गर्न चाहनु हुन्छ। उहाले यूक्रेन अनि यूरोपलाई शांति वार्तामा बाधा उत्पन्न नगराउने चेतावनी दिनुभयो अनि अनि यस बैठकलाई संघर्ष समाधानको लागि महत्वपूर्ण शुरुआत बताउनुभयो। उहाले अझ भन्नुभयो कि शीत युद्ध काल पछि देखिनै रूस अनि अमरीकाको द्विपक्षीय सम्बन्धहरुमा तनाव उत्पन्न भएको छ अनि आपस्तको तनाव समाप्त गरेर बातचीत शुरू गर्ने येहीनै उचित समय है।

संवाददाता सम्मेलनमा राष्ट्रपति ट्रम्पले बैठक अत्यधिक रचनात्मक रहेको तर अहिले केहि मुद्दाहरु माथि फैसला लिनु बाकी रहेको बताउनुभयो। उहाले भन्नुभयो - अमरीका अनि रूसको लागि वार्तामा प्रगतिको धैरै सम्भावना रहेको छ। श्री ट्रम्पले भन्नुभयो कि उहाँले नैटो सहयोगिहरु तथा यूक्रेनका राष्ट्रपति जेलेंस्की सहित अन्य नेताहरु सित बात गर्नुहुनेछ किनभने कुनै पनि समझौता उनीहरुको सहमति द्वारानै सम्भव हुनेछ।

**IMD मौसम**

मौसम विभाग ले आज कोंकण र गोवामा भारी देखि अत्यन्तै भारी वर्षा हुने पूर्वानुमान गरेको छ। मौसम विभागले असम, मेघालय, उत्तराखण्ड, मध्य महाराष्ट्र, तेलंगाना, पश्चिम मध्य प्रदेश र गुजरात क्षेत्रमा पनि भारी वर्षा हुने पूर्वानुमान गरेको छ।अरुणाचल प्रदेश, नागाल्याण्ड, मणिपुर, मिजोरम, त्रिपुरा, छत्तीसगढ, तटीय आन्ध्र प्रदेश, कर्नाटक, केरला, माहे र मराठवाडामा पनि भारी वर्षा हुने अनुमान गरिएको छ। पूर्वी मध्य प्रदेश, पूर्वी राजस्थान, हरियाणा, चण्डीगढ, हिमाचल प्रदेश, पञ्जाब, सौराष्ट्र, विदर्भ र पश्चिम उत्तर प्रदेशमा पनि यस्तै अवस्था रहने सम्भावना छ। मोसम विभागले आज अण्डमान र निकोबार टापुहरूमा तिब्र हावा र बिजुली सितै मेघगर्जन अनि चट्याङ पर्ने पनि पूर्वानुमान गरेको छ। राष्ट्रिय राजधानी दिल्लीमा, दिनभरि भारी वर्षा हुने सम्भावना रहेको जानकारी प्राप्त भएको छ।